PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-४३

## "वैदेशिक रोजगारीमा कुवेत पठाई दिने भनि झुक्याई भारतको नयाँदिल्ली पुऱ्याई वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न व्यक्ति पक्राउ"

**जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (२५५)** लाई कुवेतमा राम्रो आम्दानी हुने वैदेशिक रोजगारीमा पठाईदिने भनि प्रलोभन देखाई नेपालबाट भारतको नयाँदिल्ली पुऱ्याई वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न व्यक्तिलाई पीडितको जाहेरीको आधारमा ईलाका प्रहरी कार्यालय तुलसीपुर दाङ समेतको समन्वयमा मिति २०८१/०१/१९ गते जिल्ला दाङ बबई गाउँपालिका वडा नं.५ स्थितबाट पक्राउ गरी **मानव बेचबिखन तथा ओसारपसार** मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ५ (पाँच) को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भईरहेको ।



**पक्राउ परेको अभियुक्तको विवरण:-**

**नाम:- पूर्ण बहादुर भण्डारी** **उमेर:-** ४५ बर्ष

**स्थायी वतन:-** जिल्ला दाङ साविक पुरन्धारा गा.बि.स.वडा नं.८ हाल परिवर्तित बबई गाउँपालिका वडा नं.५ ।

**प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको :-**

- हाल पक्राउ परेका पुर्ण बहादुर भण्डारीले अर्का एक जना प्रतिवादीसँग मिलि जाहेरवालालाई कुवेत जानको लागि म आफै लगानी गरिदिन्छु, कुवेत गएपछी कमाएर तिर्दा हुन्छ भनि प्रलोभन देखाएको खुल्न आएको,
- प्रतिवादीहरुले जाहेरवालालाई काठमाण्डौको नयाँ वसपार्कमा भाडामा लिएको कोठामा दश (१०) दिन राखी राहदानी बनाउन लगाई आवश्यक रकम समेत दिएको खुल्न आएको,
- कुवेत जान लाग्ने सम्पुर्ण खर्च आँफै तिरिदिने भनि जाहेरवालाबाट सुरक्षणका लागि रकम र मिति उल्लेख नगराई हस्ताक्षर मात्र भएको बैंकको चेक लिएको खुल्न आएको,
- जाहेरवालालाई भिसा तथा स्वास्थ परीक्षणको लागि जानुपर्ने भयो भनि झुक्याई मिति २०८०/०२/११ गते काठमाण्डौबाट एम्बुलेन्समा चढाई बुटवल पुर्याई होटलमा राखेको खुल्न आएको,
- जाहेरवालालाई भारतबाट विदेश जाने प्रकृया छिटो हुने भनि विश्वासमा पारी बुटवलबाट बसमा चढाई भारतको नयाँदिल्ली पुर्याई दिल्ली एयरपोर्ट नजिकैको फ्ल्याटमा राखेको खुल्न आएको,
- जाहेरवालाले कुवेतमा शोषणमा पर्ने कुरा थाहा पाई कुवेत नजाने कुरा गर्दा विभिन्न प्रकारको डर धम्की दिई भारतको नयाँदिल्लीमा नै रहेको फ्ल्याटमा राखी बन्धक बनाई यौन शोषन गरी अन्य भारतिय मुलका मानिसहरु समेत ल्याई वेश्यावृत्तिमा लगाएको खुल्न आएको,
- फ्ल्याटमा बन्धक वनाई वेश्यावृत्तिमा लगाईराखेको अवस्थामा जाहेरवाला मिति २०८०/०३/१३ गते नयाँदिल्लीबाट भागि नेपाल फर्किई मानव बेचबिखन अनुसन्धान व्युरोमा जाहेरी दरखास्त दिएको,
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको।

**मिति: २०८१/०१/२१ गते ।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर: ९८५१२९२२०२**